कार्यस्थलमा नोबल कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएका महानुभावहरू समक्ष

# कामको कारणले सङ्क्रमण भएको अवस्थामा, श्रमिक दुर्घटना बिमा लाभ-भुक्तानीको दायरामा पर्नेछ

## कस्तो अवस्थामा दायरामा परिन्छ त?

■ **सङ्क्रमण मार्ग कामको कारण भनी स्पष्ट भएको अवस्था**

■ **सङ्क्रमण मार्ग अज्ञात अवस्थामा पनि, सङ्क्रमणको जोखिम उच्च हुने काम* मा संलग्न भएर, सोही कारणले सङ्क्रमण भएको सम्भाव्यता बलियो रहेको अवस्था**

*(उदाहरण 1) धेरै जना सङ्क्रमित पुष्टि भएको श्रम वातावरणमा गरिने काम
*(उदाहरण 2) ग्राहक आदि सँग नजिकिने या प्रत्यक्ष सम्पर्क राख्न पर्ने अवसर धेरै हुने वातावरणमा गरिने काम

■ **डाक्टर / नर्स या स्याहार सुसारको काममा संलग्न हुने व्यक्तिहरूको हकमा, काम भन्दा बाहिर सङ्क्रमण भएको स्पष्ट अवस्था भन्दा बाहेक, सैद्धान्तिक रूपमा दायरामा पर्ने**

## श्रमिक दुर्घटना बिमाका प्रकार

कामको कारणले नोबल कोरोना भाइरसबाट सङ्क्रमित भएका श्रमिक या मृत्यु भएमा निजका परिवार सदस्यले स्थायी कर्मचारी, पार्टटाईमर, आरुबाइतो आदि रोजगारी-स्वरूप पर्बाह नगरी, निम्न अनुसारको बिमा लाभ-भुक्तानी प्राप्त गर्न सक्नेछन्।

### स्वास्थलाभ क्षतिपूर्ति लाभ

① श्रमिक दुर्घटनाको लागि तोकिएको चिकित्सा संस्थामा जँचाएमा, सिद्धान्ततः निःशुल्क उपचार गराउन सकिन्छ।
② केही नलागेर श्रमिक दुर्घटनाको लागि तोकिएको चिकित्सा संस्थामा बाहेक अन्यत्र उपचार गराएमा, पहिला उपचार खर्च बेहोरेर पछि श्रमिक दुर्घटना बिमाको दाबी गरेको खण्डमा, आफूले बेहोरेको सम्पूर्ण खर्च भुक्तानी दिइनेछ।

### बिदा क्षतिपूर्ति लाभ

स्वास्थलाभको लागि काम बिदा बसेर, वेतन प्राप्त नगरेको अवस्थामा लाभ-भुक्तानी प्राप्त गर्न सकिन्छ।

■ लाभ-भुक्तानी हुने दिन: बिदा बसेको चौथौँ दिन देखि

■ लाभ-भुक्तानी रकम: बिदा 1 दिन बराबर दैनिक आधारभूत लाभ राशिको 80% (20% विशेष भुक्तानी सहित)

＊ सिद्धान्ततः "दैनिक आधारभूत लाभ राशि" रोगको लक्षण देखिएको अघिल्लो 3 महिनाको वेतनलाई क्यालेन्डर दिन सङ्ख्याले भाग गरेको रकम हो।

### मृतक परिवार क्षतिपूर्ति लाभ

कामको कारणले सङ्क्रमण भएर मृत्यु भएका कामदारको परिवारले, मृतक परिवार क्षतिपूर्ति पेन्सन, मृतक परिवार क्षतिपूर्ति उपदान आदि प्राप्त गर्न सक्नेछन्।

■ सोधपुछका लागि, नजिकैको श्रम ब्युरो / श्रम मानक निरीक्षण कार्यालयमा ▶

**स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालय / प्रान्तीय श्रम ब्युरो / श्रम मानक निरीक्षण कार्यालय**

(2020.11)